# बरियारपट्टी गाउँपालिका
# Bariyarpatti Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
### Office of The Rural Municipal Executive
बरियारपट्टी, सिरहा

Bariyarpatti, Siraha

प्रदेश नं. २ नेपाल

Province No. 2, Nepal

www.bariyapattimun.gov.np

ito.bariyarpattimun@gmail.com

9852869000


प.सं. २०७८/०७९

च.नं. ९९८

मिति : २०७८/०७/०३ गते

श्री सरोज देवी राय (कार्यपालिका सदस्य)
बरियारपट्टी गाउँपालिका, सिरहा ।

विषय : ताकेता सम्बन्धमा ।

प्रस्तुत विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गाल, काठमाण्डौ सम्पत्ति अनुसनधान तथा मुल्याङ्कन महाशाखाको प.सं. सम्पति।०७७-७८(सम्पत्ति विविरण) च.नं. २७२०६ मिति : २०७८/०३/२८ गते को प्राप्त पत्र बमोजिम तपाइले आ.ब. २०७६/०७७ को सम्पती विवरण समयमा नबुझाउनु भएको हुनाले संघीय राजश्व खाता शिर्षक नं. १४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोबार गर्ने बैंकहरूमा जनही रू. ५०००/- (पाँच हजार मात्र) जरिवाना तिरेको सकल भौचर यस कार्यालयमा पेश गर्न यस कार्यलयबाट च.नं. १२१, मिति २०७८/०५/०२ गते पत्राचार गरिएकोमा हाल सम्म जरिवाना रकम तिरेको भौचर यस कार्यालयमा पेश हुन नआएकोले यथाशिघ तोकिएको राजश्व शिर्षक र कार्यालय कोड नं. मा रकम रू. ५०००/- (अक्षरेपी रू. पाँच हजार मात्र) दाखिला गराई सक्कल भौचर यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ । अन्यथा, नबुझाएको खण्डमा कानुन बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

प्रमुख प्रशासकीय अधिकृत
बरियारपट्टी गाउँपालिका, सिरहा

बोधार्थ :
श्री अख्तियार दुरूपयोग आयोग (सम्मपती अनुसन्धान तथा मूल्याङ्कन महाशाखा)
टङ्गाल काठमाण्डौ ।

बरियारपट्टी गाउँपालिका
Bariyarpatti Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
बरियारपट्टी, सिरहा
Bariyarpatti, Siraha
प्रदेश नं. २, नेपाल
Province No. 2, Nepal

www.bariyapattimun.gov.np
ito.bariyarpattimun@gmail.com
9852869000

प.सं. २०७८/०७९
च.नं. ९९१

मिति : २०७८/०५/०२ गते

श्री सरोज देवी राय (कार्यपालिका सदस्य)
बरियारपट्टी गाउँपालिका, सिरहा ।

**बिषय : जानकारी सम्बन्धमा ।**

प्रस्तुत बिषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग टङ्गल, काठमाण्डौ सम्पत्ति अनुसनधान तथा मुल्याङ्कन महाशाखाको प.सं. सम्पति।०७७-७८(सम्पत्ति विविरण) च.नं. २७२०६ मिति : २०७८/०३/२८ गते को प्राप्त पत्रको छाँया प्रती यसै पत्र साथ संग्लन राख पठाईएको छ । उक्त पत्रवाट ब्यहोरा अवगत गरि सोहि बमोजिम आबश्यक कार्यान्वय गर्नुहुन जानकारी साथ अनुरोध छ ।

शम्भु प्रसाद चौधरी
अधिकृत छैठौं

शम्भु प्रसाद चौधरी
अधिकृत छैठौं तह

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

visit nepal 2020 Lifetime Experiences

(सम्पत्ति अनुसन्धान तथा मूल्याङ्कन महाशाखा)

मितिः २०७८।०३।२८

सम्पत्ति।०७७-७८(सम्पत्ति विवरण)।

२८८०६

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।   अत्यन्त जरुरी/

श्री बरियारपट्टी गाउँपालिका,
सिरहा,
प्रदेश नं. २।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०७६/७७ को सम्पत्ति विवरण फाराम भरी तोकिएको समय भित्र पेश नगर्ने सार्वजनिक पद धारण गरेका पदाधिकारी/कर्मचारीहरूको विवरण समावेश भएको "सम्पत्ति विवरण अनुगमन प्रतिवेदन (आर्थिक वर्ष २०७६/७७)" राष्ट्रिय सतर्कता केन्द्रवाट प्राप्त भई आयोगको वैठकमा पेश हुँदा सम्पत्ति विवरण नवुझाउने संलग्न विवरणमा उल्लेख भए बमोजिमका पदाधिकारी/कर्मचारीहरूलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क को उपदफा (२) बमोजिम जनही रु. ५,०००।- (पाँच हजार) जरिवाना गरी सम्पत्ति विवरण पेश गर्न/गराउने व्यवस्था हुन र सोको एकमुष्ट जानकारी आयोगमा उपलब्ध गराउन लेखी पठाउने भनी आयोगवाट मिति २०७८।०२।३१ मा निर्णय भएकाले तहाँ बरियारपट्टी गाउँपालिकामा सम्पत्ति विवरण वुझाउने कर्तव्य भएका संलग्न विवरणमा उल्लेखित सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई संघीय राजस्व खाता शीर्षक नं. १४३१२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोड नं. २०६००३५०१ खुलाई सरकारी कारोवार गर्ने बैंकहरूमा जनही रु. ५०००।-(पाँच हजार) दाखिला गर्न र ३० दिनभित्र सम्पत्ति विवरण पेश गर्न लगाई सोलाई राष्ट्रिय सतर्कता केन्द्रको सफ्टवेयरमा अनिवार्य रूपमा प्रविष्टि समेत गराउने व्यवस्था गरी सोको एकमुष्ट जानकारी आयोगमा गराउनु हुन अनुरोध छ ।

(हस्ताक्षर) २०७८।३।२८

(विष्णुराज बेल्वासे)
उपसचिव

प्रशासन तथा लेखा शाखा
नियमानुसार आ.का.गर्ने
२०७८/०४/१९

बरियारपट्टी गाउँपालिका
बरियारपट्टी, सिरहा
दर्ता नं.:- ९२६
दर्ता मिति:- २०७८/४/१९

(कृपया पत्राचार गर्दा आयोगको महाशाखा, पत्र संख्या, च.नं. र मिति अनिवार्य रूपमा उल्लेख गरिदिनु होला।)

फोन: ५२६२१८०, ५२६२२४७, टोलफ्रि नं. : १६६०-०१-२२२३३, फ्याक्स : ५२६२१२८, ५२६२१०४, E-mail : akhtiyar@ntc.net.np

आ.व. २०७६/७७ को सम्पत्ति विवरण नबुझाउने बरियारपट्टी गाउँपालिका, सिरहा अन्तर्गतका पदाधिकारी/कर्मचारीहरू (४ जना

| सि.नं. | कार्यालय | नाम थर | पद | प्रदेश |
|---|---|---|---|---|
| १ | बरियारपट्टी गाउँपालिका | राम चन्द्र यादव | मा.बि.द्वितीय | प्रदेश नं २ |
| २ | बरियारपट्टी गाउँपालिका | राम नाथ यादव | शिक्षाक | प्रदेश नं २ |
| ३ | बरियारपट्टी गाउँपालिका | पदम लाल बन्जारा | शिक्षक | प्रदेश नं २ |
| ४ | बरियारपट्टी गाउँपालिका | सरोज देवी राय | म.वडा.स. | प्रदेश नं २ |